Dünya Endüstri İşçileri - Kıbrıs

Industrial Workers of the World - Cyprus

Βιομηχανικοί Εργάτες του Κόσμου - Κύπρος

# THINK IT OVER

# ΣΚΕΨΟΥ ΤΟ

# अलिकति सोच विचार गर

**Nepali**

Dünya Endüstri İşçileri - Kıbrıs

## विश्वका औद्योगिक कामदारहरू (Industrial Workers of the World) हुन्?

द इन्डस्ट्रियल वर्कर्स अफ द वर्ल्ड (IWW) एक श्रमिक सङ्घ हो जसको लामो इतिहास छ (अमेरिकामा सन् १९०५ मा स्थापित)। यस सङ्घका सदस्यहरूलाई "वोब्लिज" भनेर चिनिन्छ, र उनीहरूले एकअर्कालाई फेलो वर्कर (FW) भन्छन्।

## साइप्रस IWW?

पहिला वोब्लिज(Wobblies) सन् २०१९ मा साइप्रस आए, र २०२३ मा साइप्रस क्षेत्रीय संगठन समिति (CyROC) गठन गरियो।
IWW CyROC अहिले (अझै) साइप्रसमा आधिकारिक ट्रेड युनियनको रूपमा मान्यता पाएको छैन। तर, CyROC सँग सम्झौता गरेपछि श्रमिक वेल्स आयरल्यान्ड स्कटल्याण्ड इङ्ग्ल्यान्ड क्षेत्रीय प्रशासन
(IWW WISERA) को सदस्य बन्छ, जुन बेलायतमा आधिकारिक ट्रेड युनियन हो।

## यसका आधारभूत सिद्धान्तहरू के हुन्?

संगठनका आधारभूत सिद्धान्तहरू र अन्तिम उद्देश्य यसका संविधानको छोटो प्रस्तावनामा वर्णन गरिएको छ, जुन सन् १९०५ मा पहिलोपटक लेखिएको बेलादेखि लगभग अपरिवर्तित छ।

**"कामदार वर्ग र रोजगारदाताको वर्गबीच केही पनि समानता छैन। जबसम्म लाखौँ कामदारहरू भोक, अभाव र गरिवीमा रहन्छन् र केही रोजगारदाताहरूले जीवनका सबै सुविधा उपभोग गर्छन्, तबसम्म शान्ति हुन सक्दैन।**

**यी दुई वर्गवीच सङ्घर्ष निरन्तर चलिरहन्छ जबसम्म विश्वका कामदारहरूले वर्गका रूपमा संगठित भई उत्पादनका साधनहरू कब्जा गर्दैनन्, पारिश्रमिक (wage) प्रणाली हटाउँदैनन्, र धरतीसँग मेलमिलापमा जीवन यापन गर्दैनन्।**

**उद्योगहरूको प्रबन्धन केही व्यक्तिहरूको हातमा केन्द्रित हुँदै जाँदा ट्रेड यूनियनहरूले रोजगारदाताको बढ्दो शक्तिसँग जुध्न सक्दैनन्। ट्रेड यूनियनहरूले एउटै उद्योगमा एक समूहका मजदुरहरूलाई अर्का समूहविरुद्ध उभ्याउने अवस्था सिर्जना गर्छन्, जसले मजदुरहरूलाई पारिश्रमिक युद्धमा एकअर्कालाई पराजित गर्न मद्दत पुर्याउँछ।**

**ट्रेड यूनियनहरूले रोजगारदाताहरूलाई मजदुरहरूलाई भ्रममा पार्दै मजदुर र रोजगारदाता एउटै हितमा रहेको विश्वास गराउन मद्दत गर्छन्। यी अवस्थाहरू परिवर्तन गर्न सकिन्छ, र कामदार वर्गको हित रक्षा केवल यस्ता संगठनहरूले गर्न सक्छन्, जहाँ कुनै पनि उद्योग वा सबै उद्योगका सदस्यहरू आवश्यक परेमा हडताल वा लकआउट भएको खण्डमा सबैले एकैसाथ काम रोक्नेछन्; जसले "एकलाई चोट, सबैलाई चोट" बनाउँछ।**

**"समान कामको उचित तलब" भन्ने परम्परागत नारा छाडेर हामीले हाम्रो झण्डामा "पारिश्रमिक प्रणालीको अन्त्य" लेख्नुपर्छ। पूँजीवाद अन्त्य गर्नु कामदार वर्गको ऐतिहासिक कर्तव्य हो। उत्पादनको सेना (workforce) लाई केवल पूँजीपतिसँग दैनिक संघर्षका लागि मात्र होइन, पूँजीवाद पतन भएपछि उत्पादन सञ्चालन गर्न पनि संगठित हुनुपर्छ। यसरी औद्योगिक रूपमा संगठित हुँदै, हामी पुरानै खोलभित्र नयाँ समाजको संरचना निर्माण गर्दैछौँ।"**

## यो व्यवारीक रुपमा कसरी लागु हून्छ?

IWW–CyROC एक सदस्य-नेतृत्व (member-led) स्वयंसेवी संगठन हो, जसले श्रमिकहरूलाई आफ्नै बलमा संगठित हुन सहयोग पुर्याउँछ — मुख्यतया मार्गदर्शन, जानकारी, विधि र सामान्य साथ–सहयोग उपलब्ध गराएर। हरेक महिना सामान्य सदस्य बैठक हुन्छ, जहाँ सबै सदस्यहरूले सङ्गठनका निर्णयहरू संयुक्त रूपमा लिन्छन्। संस्थाका दैनिक कार्यहरूका लागि जिम्मेवार व्यक्तिहरू हरेक वर्ष निर्वाचनमार्फत चयन गरिन्छन्।

संगठन मा १००% पारदर्शिता हुन्छ — सदस्यहरूका लागि मात्र मासिक समाचारपत्र प्रकाशित हुन्छ जसमा सबै जानकारी समावेश हुन्छ।
संगठन कसरी चल्छ भन्ने पूरा विवरण संविधान तथा आन्तरिक नियमावलीमा पाइन्छ, जुन सबैका लागि अनलाइन उपलब्ध छ।

https://www.iww.cy/materials/texts/constitution-and-internal-rules/

## सदस्यहरूको दायित्व के–के हुन्?

प्रत्येक सदस्यको आधारभूत दायित्व संविधान र आन्तरिक नियमहरूमा समावेश शर्तहरूको पालना गर्नु तथा महासभाका निर्णयहरूको उल्लङ्घन नगर्नु हो।
त्यसका साथै, सदस्यहरूले CyROC का निकायहरूको कार्यमा अन्यायपूर्वक हस्तक्षेप गर्न हुँदैन।
सबै सदस्यको विशेष दायित्व हो — समयमै शुल्क (dues) तिर्ने।
प्रत्येक महिनाको शुल्क सोही महिनाको पहिलो सात दिनभित्र (१–७ तारिख) बुझाउनुपर्छ।

शुल्क यसप्रकार:

i) मासिक नेट तलब €1500 भन्दा धेरै – €15
ii) मासिक नेट तलब €1000 – €1500 बीच – €10
iii) मासिक नेट तलब €500 – €999 बीच – €5
iv) मासिक नेट तलब €500 भन्दा कम – €2
v) बेरोजगार वा स्वरोजगार सदस्य – €1

## IWW मा को–को सदस्य बन्न सक्छन्?

मजदुरहरू, बेरोजगार वा अवकाशप्राप्त कामदार, विद्यार्थी, प्रशिक्षार्थी, घरायसी (अवैतनिक) श्रमिक, कैदी तथा व्यक्तिगत स्वरोजगार श्रमिकहरू

सदस्य बन्न सक्छन्। तर प्रत्यक्ष नियुक्ति/निकास अधिकार भएको व्यवस्थापन, सरकारद्वारा प्रमाणित सुरक्षा अधिकारी/कानुन कार्यान्वयन निकाय र जेल सुरक्षा गार्ड बन्न सक्दैन्।

## IWW–CyROC मा कसरी सदस्य बन्न सकिन्छ?

यस्मा दुई तरिका छन्:
1.वेबसाइटमार्फत आफैं (sign up) भर्ना फारम भर्ने हाम्रो वेबसाइट → iww.cy/join/
2.संगठनलाई सम्पर्क गरी सदस्यता प्रक्रियामा सहयोग माग्ने हाम्रो ईमेल (info@iww.cy), सामाजिक सञ्जाल फेसबुक र इन्स्टाग्राम (Facebook & Instagram), वा +३५७-९९७४८८३० (+357-99748830) मा की एसएमएस अथवा व्हाट्सएप/सिग्नल/भाइबर (Whatsapp/Signal/Viber) मार्फत सम्पर्क गर्न सकिन्छ।

**सदस्यता पाउनको लागि मान्य इमेल ठेगाना हुनु अनिवार्य रहेको कुरा ध्यान दिनुहोस्।**

## एकजनालाई चोट भनेको सबैजनालाई चोट

Dünya Endüstri İşçileri - Kıbrıs

Industrial Workers of the World - Cyprus

Βιομηχανικοί Εργάτες του Κόσμου - Κύπρος

# THINK IT OVER

# ΣΚΕΨΟΥ ΤΟ

# अलिकति सोच विचार गर

## Nepali

Dünya Endüstri İşçileri - Kıbrıs